अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८३।०८।०२ गते।

प्रेस विज्ञप्ति

विषयः आरोपपत्र दायर गरिएको।

आर्थिक वर्ष २०८२/०८३ मा जलस्रोत तथा सिँचाइ विकास डिभिजन, वीरगन्ज, पर्साबाट जिल्ला पर्सा, ठोरी गाउँपालिका वडा नं. ३ मा "जलस्रोतको पुनर्भरण/भण्डारण कार्य (सार्वजनिक इनार/पोखरीको) निर्माण तथा मर्मत सम्भार कार्य" योजना सम्पन्न गरेको अवस्थामा जलस्रोत तथा सिँचाइ विकास डिभिजन, वीरगन्जका अधिकृत छैठौं (प्राविधिक) गजेन्द्र प्रसाद जायसवाल र अधिकृत छैठौं (प्राविधिक) विकी यादवले योजनाको भुक्तानी दिएबापत र धरौटी रकम फिर्ता दिने प्रयोजनको लागि रू.३,४५,०००/- (तीन लाख पैँतालिस हजार रूपैयाँ) घुस (रिसवत) माग गरी लिएको भनी दसी प्रमाणसहित प्राप्त उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा जलस्रोत तथा सिँचाइ विकास डिभिजन, वीरगन्ज, पर्सामा अधिकृत छैठौं (प्राविधिक) पदमा कार्यरत गजेन्द्र प्रसाद जायसवाल र विकी यादव समेतको आपसी मिलेमतो तथा योजनामा आफ्नो पद तथा ओहदाको दुरूपयोग गरी जिल्ला पर्सा, ठोरी गाउँपालिका वडा नं. ३ मा सञ्चालित "जलस्रोतको पुनर्भरण/भण्डारण कार्य (सार्वजनिक इनार/पोखरीको) निर्माण तथा मर्मत सम्भार कार्य" योजनाको भुक्तानी दिएबापत र धरौटी रकम फिर्ता दिनेसमेत प्रयोजनको लागि सेवाग्राहीसँग बार्गेनिङ गरी गराई घुस (रिसवत) रकम रू.३,४५,०००/— (तीन लाख पैँतालिस हजार रूपैयाँ) लिन सहमत भई पूर्व योजना तथा सहमति बमोजिम प्रतिवादी गजेन्द्र प्रसाद जायसवालले कार्यालय समयमा पैसा लिन मिल्दैन भनी सोही स्थानमा रहेको अर्को व्यक्तिलाई घुस (रिसवत) रकम दिन भनेको र निजले भने बमोजिम घुस (रिसवत) रकम लिएको पुष्टि भएबाट निज प्रतिवादीहरू गजेन्द्र प्रसाद जायसवाल र विकी यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू.३,४५,०००/- (तीन लाख पैँतालिस हजार रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने